# राष्ट्रिय मानव अधिकार आयोग
## मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९
## *(NHRC Partnership and Collaboration Guidelines, 2012)*

**प्रस्तावनाः**

प्रचलित संविधान, कानून तथा मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको स्वतन्त्रता र स्वायत्तता सम्बन्धी सिद्धान्त (पेरिस सिद्धान्त) अनुसार मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाको रुपमा यस आयोगले मानव अधिकार सम्वर्द्धन, संरक्षण, सम्मान र पालना सम्बन्धी कार्य सम्पादन गर्नका लागि राज्य संयन्त्र तथा सरकारी निकायहरु, मानव अधिकारको सम्वर्द्धन र संरक्षणमा क्रियाशील गैर-सरकारी संस्थाहरु लगायत अन्य निकायहरुसँग समन्वय र सहकार्य गर्ने सम्बन्धमा निर्देशिका बनाउन बाञ्छनीय भएको तथा मिति २०६९ साल असोज २२ र २३ गते ललितपुरमा भएको मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनले सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका अविलम्ब जारी गर्न समेत भनी पारित प्रस्ताव समेतलाई दृष्टिगत गरी राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ अनुसार आज मिति २०६९ साल मार्ग ७ गते यो जारी गरेको छ।

१. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधानको धारा १३१ अन्तर्गत गठित राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्दछ।

(ग) "गैरसरकारी संघसंस्था"भन्नाले मानव अधिकारको सम्वर्द्धन र संरक्षणको काम गर्ने उद्देश्यले स्थापित संघसंस्थालाई जनाउनेछ।

(घ) "मानव अधिकार" भन्नाले ऐन दफा २ बमोजिम समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउनेछ।

(ङ) "सचिव" भन्नाले आयोगको सचिव संम्झनु पर्छ।

(च) "सरोकारवाला निकाय" भन्नाले प्रहरी कार्यालय, नेपाली सेना, सरकारी तथा अर्धसरकारी निकाय, स्थानीय निकाय, मानव अधिकारको सम्वर्द्धन र संरक्षण सम्बन्धी काम गर्ने संघसंस्था समेतलाई जनाउनेछ।

(छ) "सहकार्य" भन्नाले आयोगले मानव अधिकारको सम्वर्द्धन र संरक्षणको निमित्त राज्यका निकाय, सरकारी तथा गैरसरकारी निकाय, अन्तर्राष्ट्रिय, पेशागत वा व्यवसायिक संगठन, निकाय वा संस्थाहरुसँग मिली संयुक्तरुपले गर्ने कामलाई जनाउँछ।

२. **सहकार्य गर्न सक्नेः** वर्तमान संविधान तथा ऐनको दफा १८ समेतको प्रयोजनको लागि आयोगले मानव अधिकारको सम्वर्द्धन, संरक्षण, सम्मान र पालनाको काम राज्य संयन्त्र, सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय, पेशागत वा व्यवसायिक लगायतका निकाय वा संस्थाहरुसँग आवश्यकता अनुसार सहकार्य गरी कार्य गर्न सक्नेछ।

३. **सहकार्यका मुख्य उद्देश्यहरुः** आयोगले मूलतः देहायका उद्देश्यहरुको प्राप्तिको लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी कार्य गर्न सक्नेछ।

(क) मानव अधिकारको सुनिश्चितता अभिवृद्धि गर्ने,

(ख) मानव अधिकारको सुनिश्चितता विस्तार गर्नको निमित्त स्थानीय तहसम्म आयोगको प्रतिनिधित्वको व्यवस्था गरी समुदायको निकटसम्म सेवा विस्तार गरी एवं सूचना सम्प्रेषण लगायतको माध्यमबाट मानव अधिकारमा पहुँच विस्तार गर्ने,

(ग) स्थानीय निकाय र संघसंस्थाहरुबाट सहयोग प्राप्त गरी स्थानीय स्तरमा मानव अधिकारको शिक्षा र सचेतनामा विस्तार गर्ने,

(घ) मानव अधिकारको सम्वर्द्धन र संरक्षणको क्रियाकलापलाई पारदर्शी बनाउर्ने

(ङ) मानव अधिकारको अवस्था अनुगमन, वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषण सम्बन्धी कार्य विस्तार गर्ने,

४. **सहकार्यका अन्य उद्देश्यहरुः** माथि उल्लेख गरिए बाहेक आयोगले देहायका अन्य उद्देश्यहरुको प्राप्तिको लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी कार्य गर्न सक्नेछ ।

(क) मानव अधिकारको संरक्षण र संर्वधनको लागि सर्वसाधारणको पहुँच विस्तार गर्ने,

(ख) सीमान्तकृत, विपन्नवर्गका व्यक्तिहरुलाई मानव अधिकारको उल्लंघन वापत उपचार प्राप्त गर्ने काममा सहजीकरण गर्ने,

(ग) राज्य संयन्त्र, सरकारी, गैरसरकारी, वैदेशिक तथा अन्तर्राष्ट्रिय, पेशागत तथा व्यावसायिक संस्थाहरुको मानव अधिकार सम्बन्धी ज्ञान, सीप र अनुभवहरुलाई स्थानीय तहसम्म पुऱ्याउने,

(घ) मानव अधिकार शिक्षा र सूचना आदानप्रदान र सम्प्रेषण गर्नका लागि साझेदारी विकास गर्ने,

(ङ) अनुगमन कार्यलाई प्रभावकारी बनाई सोको आधारमा कानून तथा नीतिगत सुधारको लागि पारस्परिक सहयोग गर्ने ।

५. **सहकार्यका क्षेत्रहरुः** आयोग र अन्य निकाय तथा संघसंस्थाहरु बीच सहकार्यका क्षेत्रहरु देहाय बमोजिम हुनसक्नेछन् ।

(क) मानव अधिकार अनुगमन,

(ख) मानव अधिकार उल्लंघन सम्बन्धी घटनाहरूका प्रमाण, सूचना  जानकारी एवं तथ्याङ्क संकलन,

(ग) मानव अधिकार प्रवर्द्धन जस्तै तालिम, गोष्ठी, छलफछ, अन्तरकृया, अन्तरकृया, क्षमता विकास,

(घ) मानव अधिकार वकालत र पक्षपोषण,

(ङ) सार्वजनिक हित सम्बन्धी मामिला,

(च) मानव अधिकार शिक्षा र संस्कृति विकास,

(छ) सामूहिक अधिकार (उपभोक्ता अधिकार, विकासको अधिकार, दलित, आदिवासी, जनजाति लगायत अल्पसंख्यकको अधिकार, ज्येष्ठ नागरिक, आप्रवासी कामदार तथा अपाङ्गता भएका व्यक्तिहरु लगायतको अधिकार) को सम्वर्द्धन र संरक्षणको उपाय,

(ज) मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरु पेशागत तथा व्यावसायिक संघसंस्थाहरूसँग समन्वय र संयुक्त अनुगमन तथा मानव अधिकार सम्वर्द्धन र संरक्षण सम्बन्धी आवश्यक कार्य ।

(झ) मानव अधिकार सम्बन्धी अत्यावश्यक अन्य  विषय ।

(ञ) मानव अधिकार रक्षकहरुको रक्षासम्बन्धी कार्य,

**६. सहकार्यको स्वरुप र पद्धतिः** सहकार्यका स्वरुप र पद्धति देहाय बमोजिम हुनेछ—

(१) आयोग देहायका कुनै स्वरुपबाट सहकार्यमा संलग्न हुन सक्नेछः-

(क) आयोजक, सहआयोजक, पर्यवेक्षक वा अनुगमनकर्ता,

(ख) कार्यक्रममा स्पष्ट भूमिका सहितको सहभागिता,

(ग) संयुक्त वा साझेदारी,

(घ) संयुक्त अनुगमन,

(ङ) सञ्जालसँगको आवद्धता

(च) अभियान कार्यक्रममा सहभागिता एवं संलग्नता,

(छ) मानव अधिकार क्षमता विकास जस्तैः (Visit, Exchange, Internship)आदि,

(ज) ऐक्यवद्धता(Solidarity),

(झ) समन्वय तथा संयोजन ।

(२) आयोगले अन्य निकायहरु तथा संघसंस्थाहरुसँग सहकार्य गर्दा देहायका कुनै पद्धतिहरु अवलम्वन गर्न सक्नेछ ।

(क) बैठक,

(ख) समन्वय,

(ग) सूचना आदानप्रदान,

(घ) छलफल (Dialauge),

(ङ) वकालत (Advocacy)-अन्तरक्रिया, कार्यशाला, सेमिनार आदि),

(च ) अनुगमन,

(छ) संयुक्त उद्धार तथा पुनःर्स्थापन,

(ज) परामर्श(Counseling),

(झ) अभियान, (Campaining)

(ञ) पक्षपोषण(Lobbying),

(ट) शिक्षण, प्रशिक्षण,अनुशिक्षण

(ठ) दवावमूलक कार्यक्रम,

(ड) प्रकाशन र सूचना सम्प्रेषण,

(ढ) प्रतिवेदन तयारी,

(ण) मेलमिलाप,

(त) सामाजिक एकीकरणको लागि सहयोग,

(थ) सम्मेलन,

(द) सार्वजनिक सुनुवाई,

(ध) अन्य आवश्यक कुनै पद्धति ।

**७. सहकार्य सम्बन्धी व्यवस्थाः**

(क) आयोगले मानवअ धिकारको सम्वर्द्धन वा संरक्षण सम्बन्धी कुनै कामका विभिन्न चरणमध्ये सबै वा कुनै खास चरणहरुमा मात्र सहकार्य गर्न सक्नेछ ।

(ख) कुन चरणमा सहकार्य गर्ने वा नगर्ने भन्ने विषय आयोगले तय गरेबमोजिम हुनेछ ।

**८. सहकार्यको विधिः** सहकार्यको विधि देहाय बमोजिम हुनेछ ।

(क) सहकार्यको निमित्त सामान्यतः सहकार्य गर्न चाहने संस्थाले आयोग समक्ष संस्थाको विवरण तथा सहकार्यको प्रस्तावित विषय पेश गर्नुपर्नेछ ।

(ख) आयोगसँग सहकार्य गर्न इच्छुक संघसंस्थाको सूची बनाई आयोगले अद्यावधिक गराई राख्नेछ ।

(ग) आयोगको संवैधानिक एवं कानूनी दायित्व र रणनीतिक योजना अनुसार प्राथमिकतामा परेका विषयहरु मध्येबाट सहकार्यको क्षेत्रहरु पहिचान गरिनेछ ।

(घ) समान उद्देश्यको लागि कार्य गर्ने नागरिक समाज र संघसंस्थाहरुसँग सहकार्य गर्दा तत्सम्बन्धी सञ्जाल मार्फत गरिनेछ । जस्तैः बालअधिकारको लागि बालअधिकार सम्बन्धी सञ्जाल, महिला अधिकारको लागि महिला अधिकार सम्बन्धी सञ्जाल आदि ।
*तर विशेष ज्ञान र सीप भएका संस्थाहरुसँग सहकार्य गर्न उक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।*

(ङ) आयोगले सहकार्य गरिने संस्थालाई नगद उपलव्ध गराई सहकार्य गर्ने छैन ।

(च) सहकार्यको निमित्त कार्यक्रम तय गर्दा सहकार्य गर्ने संस्थाहरुको कर्तव्य र दायित्व स्पष्ट गर्नु पर्नेछ ।

(छ) सहकार्य गर्ने संस्थाहरुसँग आवश्यकता अनुसार लिखित समझदारीपत्र वा सम्झौता वा मौखिक सहमति गरिनेछ ।

(ज) सहकार्य गर्न सहमत भएको कार्यक्रम कार्यान्वयनमा आयोग तथा सम्बन्धित निकाय वा संस्थाले खटाएको व्यक्तिले प्रतिनिधित्व गर्नेछन् ।

(झ) सहकार्यको लागि आयोग आफैँले कुनै निकाय वा संघसंस्थालाई अनुरोध गर्न सक्नेछ ।

## ९. सहकार्य समन्वय समितिः

(१) आयोगले अन्य निकाय तथा संस्थाहरुसँग सहकार्य गर्ने सम्बन्धमा उपयुक्त बन्दोबस्त मिलाउने प्रयोजनको लागि देहाय अनुसारको समिति गठन गर्नेछ ।

| | | | |
|---|---|---|---|
| (क) | आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | - | संयोजक |
| (ख) | आयोगको सचिव | - | सदस्य |
| (ग) | आयोगले तोकेको निर्देशक | - | सदस्य |
| (घ) | सम्बन्धित महाशाखा प्रमुख | - | सदस्य |
| (ङ) | संबर्द्धन महाशाखा प्रमुख | - | सदस्य सचिव |

(२) सहकार्य समन्वय समितिका काम र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

(क) आयोगको रणनीतिक योजनामा उल्लेखित कार्यक्रमहरुमध्ये कुन कुन कार्यक्रम आयोगले मात्र र कुन कुन कार्यक्रम सहकार्यमा गर्ने भन्ने विषयको छनौट गर्ने,

(ख) आयोगको वार्षिक कार्य योजनामा रहने कार्यक्रमहरु मध्ये कुन कुन कार्यक्रम आयोग आफैले सम्पन्नगर्ने र कुनकुन कार्यक्रम सहकार्यमा गर्ने भन्ने विषय निर्धारण गर्ने,

(ग) आगामी वर्षको लागि सहकार्य गरिने विषयहरुको योजना बनाउने ।

(घ) सहकार्य गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ङ) परियोजना अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरु मध्ये के कस्ता कार्यक्रम कुन निकाय, सञ्जाल वा संस्थासँग सहकार्यमा सम्पन्न गर्ने विषयको निधो गर्ने,

(च) कुनै कार्यक्रम सहकार्यमा गर्दा सर्वसाधारण वा सरोकारवालालाई हुने अतिरिक्त लाभको(Added Value) आँकलन गर्ने,

(छ) सहकार्य गर्ने निकाय तथा संस्थाहरुको छनौट गर्दा अनुभव, प्रभावकारिता तथा विशेषज्ञताको आधारमा सन्तुलनको सिद्धान्त पालन गर्ने,

(ज) सहकार्य गर्दा आफ्नो कर्तव्य र दायित्व निर्वाह नगर्ने सहकर्मी संस्थासँग भविष्यमा सहकार्य गर्ने वा नगर्ने सम्बन्धी उपयुक्त निर्णय लिने,

(झ) सहकार्यमा कार्यान्वयन भइरहेका कार्यक्रमहरुको आवधिक अनुमगन तथा मूल्यांकन गर्ने, गराउने,

(ञ) साविकमा सहकार्यमा गरिएका कामहरुको प्रभाव (Impact) को विश्लेषण गर्ने, गराउने र सो को आधारमा भविष्यको लागि सहकार्यको योजना बनाउने,

(ट) सहकार्य व्यवस्थापन रणनीति र बन्दोबस्ती सम्बन्धी अन्य काम गर्ने ।

**१०.क्षेत्रीय र स्थानीय स्तरमा सहकार्यः**

(१) आयोगको क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरुले स्थानीय स्तरमा सहकार्य गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र एकजना अधिकृत सहितको समन्वय समिति बनाई उक्त समितिबाट गरिएको निर्णय आयोगको सचिवबाट स्वीकृत गराई कार्य गर्नु पर्नेछ । उक्त समितिको निर्णय स्वीकृतिको लागि सचिव समक्ष पठाउँदा कार्यक्रमको औचित्य र सो संस्थासँगको सहकार्यको आवश्यकताबारे पुष्ट्याइँ सहित पठाउनुपर्ने छ ।

(२) मानव अधिकार हनन्का घटनाहरुको अनुगमन र अनुसन्धानमा खटिएको टोलीले अन्य संघसस्था वा व्यक्तिहरुसँग तत्काल सहकार्य गर्नु पर्ने भएमा अनुगमन वा अनुसन्धान टोली प्रमुखले सम्बन्धित कार्यालय प्रमुख वा कार्यालय प्रमुख नै भए आयोगको सचिवलाई टेलिफोन लगायतका माध्यमबाट पूर्व जानकारी गराउनु पर्नेछ ।

**११. आयोगसंग सहकार्यमा गरिने कार्यहरुमा वा परियोजना प्रस्ताव गर्दा आयोगको लिखित सहमति लिनु पर्नेः** कुनै संस्थाले राष्ट्रिय मानव अधिकार आयोगसँग पनि सहकार्य हुने भनि दातृ निकायमा परियोजना प्रस्ताव गर्दा आयोगको लिखित सहमति लिनु पर्नेछ । आयोगको लिखित सहमति विना परियोजना प्रस्ताव गरिएको वा कुनै काम गरिएको भए त्यस्तो कार्यलाई आयोगको सहमति भएको मानिने छैन ।

**१२. विविध**

(क) आयोगले यो निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

(ख) आयोगले यो निर्देशिका पालना भए नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(ग) यो निर्देशिकाको कार्यान्वयनको क्रममा देखा परेका बाधा अड्काउ फुकाउने अधिकार आयोगमा रहनेछ ।

**आयोगबाट पारित भएको मितिः-** २०६९ साल मंसिर ७ गते

***

## अनुसूची

(दफा ८ सँग सम्बन्धित)

**National Human Rights Commission**
**Harihar Bhawan, Lalitpur**

**Profile of Human Rights Organization**

1. Name of Organization/ संस्थाको नामः ____________________
2. Acronym/संक्षेपीकरण____________________
3. Address/ठेगाना:

| | |
|---|---|
| Telephone No/फोन नं | |
| Fax/फ्याक्स | |
| PO. Box/पो.ब.नं. | |
| Email/इमेल | |
| Website/वेबसाइट | |

4. Chairperson(s)/ संस्थाको अध्यक्ष:____________________
5. Contact Person (s)/सम्पर्क व्यक्तिः ____________________
6. Type of Organization (✓)/संस्थाको प्रकृतिः

| | | | | | |
|---|---|---|---|---|---|
| NGO/गैरसरकारी संस्था | | INGO/अन्तराष्ट्रिय गैरसरकारी संस्था | | GO/सरकारी संस्था | |
| Local Government/ स्थानीय निकाय | | Bi-Lateral Donor/द्वीपक्षीय दात्रि निकाय | | Multi -Lateral Donor/ बहुपक्षीय दात्रि संस्था | |

7. Year of Establishment/स्थापना वर्षः____________________
8. Govt. Registration No./दर्ता नंः____________________
9. Social Welfare Council Affiliation No./समाजकल्याण परिषदको आवद्धता नं.____________________
9. Goal of the Organization/संस्थाको लक्ष्यः

____________________

____________________

____________________

____________________

10. Objectives of the Organization/संस्थाका उद्देश्यहरुः

____________________

____________________

____________________

____________________

____________________

____________________

____________________

11. Major working areas and major activities performed and ongoing / मुख्य काम गर्ने क्षेत्र तथा क्रियाकलापहरु

____________________

____________________

____________________

12. Project Period/कार्यक्रम समयाबधिः________________________________________________
13. Annual Budget of the Project/कार्यक्रमको वार्षिक खर्चः________________________________________
14. Target group/ Age group/लक्षित वर्ग वर्ष समूहः______________________________________________
15. No. of Beneficiaries Annually: वार्षिक लाभान्वित संख्या__

16. Major Operational Mode(s)/प्रमुख कार्यविधिः

| If any Humanitarian Service/ मानवीय सेवा सम्वन्धी काम भए | | | | | | |
|---|---|---|---|---|---|---|
| Distribution Food/Clothes खाना, कपडा, वितरण | Medical Support स्वास्थ्य सेवा | Rehabilitation पूनर्स्थापना | Transit Homes आवधिक गृह | Free Legal Aid निः शुल्क कानूनी सहायता | Psychosocial Counselling मनोसामाजिक परामर्श | Other Emergency Support (specify) अन्य आपतकालिन सेवा |
| | | | | | | |
| | | | | | | |

| Advocacy\ Awareness/संचेतना तथा जनचेतना | | | | | |
|---|---|---|---|---|---|
| Lobbying लबिङ | Research अनुसन्धान | Campaigns/ awareness अभियान सचेतना | Trainings तालिम | Networking सञ्जाल | Other (specify) अन्य |
| | | | | | |
| | | | | | |
| | | | | | |

17. Area Coverage (Districts/ VDCs)/कार्यक्रम सञ्चालन भएको जिल्ला र गा.वि.स.:

18. List of IEC and Advocacy Material Produced and Disseminated/संचेतना सामग्री उत्पादन तथा वितरण:

| S.N. क.सं. | List of Books/Brochures/Booklets/ किताब/ब्रोसियर/बुकलेट | No. of Copies संख्या | Year of production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| S.N. क.सं. | List of Posters पोष्टर | No. of Copies संख्या | Year of Production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| S.N. क.सं. | List of Audio-Visual Matrials श्रव्य दृष्य सामग्री | No. of Copies संख्या | Year of Production प्रकाशन वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

19. Funding Source/organization/सहयोग श्रोत⁄संस्था:

20. Partner Organizations/साझेदारी संस्था:

21. Monitoring/Follow up/ Future Programme/ अनुगमन⁄भावी कार्यक्रमहरु:

22. Branch Office in Nepal (AbroadIf Any)/शाखा कार्यालय:

**Information provided by/ सूचना प्रदान गर्ने व्यक्ति:**

Name⁄नाम:

Designation/पद:

Date/मिति: Signature/सही: